दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ४५ | बुटवल | २०८१ माघ २६, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Feb. 08, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# गृहमन्त्रीलाई कारबाही माग, कांग्रेस नेताविरुद्ध अख्तियारमा उजुरी



**लुम्बिनी संवाददाता**
*बुटवल*

गृहमन्त्री रमेश लेखकलाई कारबाहीको माग गर्दै दलित अधिकारकर्मीले नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा विरोध प्रदर्शन गरेका छन् ।

दलित अधिकारकर्मी खगेन्द्र सुनारको नेतृत्वमा केन्द्रीय कार्यालय, सानेपा पुगेको टोलीले विरोध शुक्रार प्रदर्शन गरेको हो ।

टोलीले केन्द्रीय कार्यालयका सचिव डा. प्रदीप पराजुलीलाई ध्यानाकर्षण पत्र पनि बुझाएको छ ।

सर्लाहीमा अन्तरजातीय विवाह गर्ने सत्यन्द्र कुमार राम (चमार) र नेहा रौनियारको विषयमा गृहमन्त्रीकै निर्देशनमा उनीहरूलाई पक्राउ पुर्जी जारी भएकाले कारबाही हुनुपर्ने उनीहरूको माग छ ।

कांग्रेस कार्यालय पुगेका उनीहरूले 'दलित हिंसा गर्ने गृहमन्त्रीलाई कारबाही गर, जातीय हिंसामा संलग्न गृहमन्त्रीलाई बर्खास्त गर' लगायतका नारा लेखिएको प्लेकार्ड बोकेका थिए ।

यही विषयमा बिहीबारको संसद् बैठकमा बोल्ने धेरैजसो सांसदहरूले प्रश्न उठाएका थिए । शुक्रबार जारी संसद् बैठकमा पनि गृहमन्त्री लेखक र नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) बसन्तबहादुर कुँवरमाथि छानबिन गर्नुपर्ने माग उठेको छ ।

यस्तै नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष तथा सांसद प्रकाश ज्वालाले गृहमन्त्री रमेश लेखक र आईजीपी वसन्तबहादुर कुँवरमाथि छानबिनको माग गरेका छन् ।

प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले अन्तरजातीय विवाह गरेका सत्यन्द्रकुमार राम (चमार) र नेहा रौनियारमाथि गृहमन्त्री र आईजीपीकै निर्देशनमा अत्याचार भएको जिकिर गरे ।

सत्यन्द्र राम र नेहा रौनियारको विवाहलाई सर्वोच्चले वैद्यता दिएपनि गृहमन्त्री, आईजीपीको निर्देशनमा मुम्बईबाट पक्राउ गरेर अत्याचार गरेको विषयमा छलफल हुनुपर्ने उनको माग थियो ।

उनले यो प्रकरणमा दोषीलाई कडाभन्दा कडा कारवाही गर्न ध्यानाकर्षण गराए ।

यसैबीच सुनसरीको धरान उपमहानगरपालिकाका मेयर हर्कराज राई (साम्पाङ) ले नेपाली कांग्रेसका नेता मीन विश्वकर्माविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी हालेका छन् ।

कांग्रेसका प्रचार विभाग प्रमुख समेत रहेका विश्वकर्माविरुद्ध साम्पाङले आयोगको इटहरीस्थित कार्यालयमा उजुरी हालेका हुन् ।

उजुरीमा उनले विश्वकर्माले २१ करोड रुपैयाँको हिसाब किताब देखाउनुपर्ने समेत माग गरेका छन् ।

विश्वकर्माले एक टीभी अन्तर्वार्तामा एडीबीबाट ऋण र अनुदानमार्फत १ अर्ब ५० करोड रुपैयाँ ल्याएर धरानमा खानेपानी योजना सञ्चालन गरेको बताए पनि उपमहानरको लेखा शाखाले १ अर्ब २८ करोड ६ लाख ७५ हजार ६२१ रुपैयाँ मात्रै खर्च गरेको साम्पाङको उजुरीमा छ ।

बाँकी २१ करोड ९३ लाख २४ हजार ३७९ रुपैयाँ के, कसरी, कहाँ खर्च भयो त्यसको हिसाब विश्वकर्माले दिनुपर्ने साम्पाङको माग छ । हिसाब नदेखाएमा कानुन बमोजिम कारबाही गर्न भन्दै उनले अख्तियारमा उजुरी दिएका हुन् ।

# मानव बेचबिखनमा नेपाल–भारत सिधा बस चुनौती




**मोहम्मद हबिब**
*भैरहवा*

महिला तथा बालबालिकाको बेचबिखन नयाँ-नयाँ शैलीले हुन थालेपछि उद्धार गर्न चुनौतिपूर्ण हुने गरेको छ । समयअनुसार शैली पनि परिवर्तन हुँदै गर्दा मानव बेचबिखनविरुद्ध काम गर्ने निकायलाई उद्धार गर्न समस्या हुने गरेको छ ।

चेलिबेटी बेचबिखन अन्त्य गर्नका लागि र बाह्य मुलुकमा अप्ठ्यारोमा परेकाहरुलाई स्वदेश फर्काउने र पुनर्स्थापनाका क्षेत्रमा काम गर्दै आएको माइती नेपालले खुल्ला सिमाना निर्वाद प्रवेश, बेचबिखनका लागि दलालहरुले नयाँ-नया स्वरुप तथा शैलीहरु परिवर्तन गरिरहनु, महिला तथा बालबालिकाहरु माथि हुने घरेलु हिंसा जस्ता समस्यामा कमी नहुनु, सिमावर्ती शहर नजिकै नेटवर्किङ्ग कम्पनी र अर्केष्टा जस्ता बैण्डहरु खोलिनु, मुख्य नाकाहरुमा सरकारी सयन्त्रबाट मनिटरिङ्ग नहुनु, नेपालका विभिन्न भागहरुबाट धेरै महिलाहरु भारतीय नाका हुँदै खाडी मुलुकतर्फ जाने प्रवृत्ति बढ्दो हुनुले मानव बेचबिखन, ओसारपसार र हिंसाको घटना हुने गरेको माइती नेपाल, रुपन्देही कार्यक्रम संयोजक माया क्षेत्रीले बताइन ।

उनले सहजताका लागि नेपालको विभिन्न क्षेत्रबाट भारतका विभिन्न मुख्य शहर जाने सिधा नेपाल -भारतमैत्री बसको दुरुपयोगले मानव बेचबिखन, ओसारपसारको घटना बढी भएको बताइन । चेलिबेटी बेचबिखनलाई अन्त्य गर्ने अठोटका साथ २०४९ मा स्थापित माइती नेपालले रुपन्देहीबाट निरन्तर बेचिने खतारामा रहेका चेलीहरुलाई जनचेतना फैलाउने, बेचिएका चेलीहरुलाई उद्धार गरेर स्वदेश फर्काउने र उनीहरुको पुनस्थापना गर्ने कार्य गरे पनि १८८ जना चेलीहरुको उद्दार भएको छ ।

रुपन्देहीमा उद्धार गरिएको मध्ये अधिकांश नेपाल-भारतमैत्री बसबाट फेला परेको माइती नेपालको तथ्याङ्कमा छ । यताबाट सहजै रुपमा गनतव्यमा पुग्ने भएकोले भरियाहरुले यसको प्रयोग बढाएको पाइएको छ । रुपन्देहीको सीमा नाकाहुँदै भारततर्फ जाने अधिकांश चेलीबेटीहरु मध्ये अधिकांश मानव बेचबिखन तथा ओसार पसारको समस्यामा १८-२५ वर्ष उमेर समूहका बढी रहेको पाइएको छ ।

माइती नेपाल, रुपन्देहीले वार्षिक प्रगती सार्वजनिक गर्दै चालू आर्थिक वर्षमा भारतका विभिन्न ठाउँबाट १३ जनाको उद्दार गरेको क्षेत्रीले बताइन । सीमामा राखिएको परामर्श केन्द्रबाट ६ हजार ४५ जनालाई परामर्श सेवा, जिल्ला प्रशासनको परामर्श केन्द्रबाट १ हजार ९० जनालाई परामर्श प्रदान गरिएको उनले जानकारी दिइन । एक वर्षमा ५ हजार ९ सय २७ थान प्रर्चा पम्प्लेट वितरण गरिएको छ । खोजतलाससम्बन्धी २६ जनाको निवेदन परेकोमा ३ जना फेला परेका छन् । घरेलु हिंसासम्बन्धी ११ जनाको निवेदन परेको र यस वर्ष ४ हजार १ सय ९ वटा सार्वजनिक यातायात सेवालाई चेकजाँच गरिएको उनले बताइन ।

क्षेत्रीले रुपन्देहीबाट पनि भारत जाने चेलीबेटीहरुको उल्लेख्य संख्यामा उद्दार गरिएको उनले जनाइन । यस अवधिमा रुपन्देहीका विभिन्न क्षेत्रका ३३ जनाको उद्दार गरिएको छ । जसमा सिद्धार्थनगर नगरपालिकाका ३ जना, तिलोत्तमा नगरपालिकाका ४, बुटवल उप-महानगरपालिकाका ४, सैनामैना नगरपालिका ६, ओमसतिया गाउँपालिकाका ३, मर्चवारी गाउँपालिकाको १ जना, सम्मरीमाई गाउँपालिकाकाको २, सियारी गाउँपालिकाको १ जना, रोहिणी गाउँपालिकाको २, कञ्चन गाउँपालिकाको २, देवदह नगरपालिकाको ३ जना, गैंडहवा गाउँपालिकाको १ जना र लुम्बिनी साँस्कृतिक नगरपालिकाको १ जनाको उद्दार गरिएको छ ।

यस्तै रुपन्देहीमा विगतको वर्षभन्दा अहिले सिमाबाट उद्धारको घटना कम भएको देखिन्छ । २०७८ सालमा २८५ जनालाई सिमाबाट उद्धार गरिएकोमा २०७९ मा २१७ जना, २०८० मा १६७ र २०८१ मा ११३ जनालाई उद्धार गरिएको छ ।

# अबको एक वर्षमा नेकपा एस आशा जगाउने पार्टी बन्छ : भुसाल

## नेकपा माओवादी, एमाले त्याग गरेका ५ जनालाई भुसाले गरे स्वागत



बुटवल, नेकपा (एकिकृत समाजवादी) का महासचिव घनश्याम भुसालले मुलुकले गणतान्त्रिक नेपालको कार्यक्रम र ऐजेन्डा बोकेको पार्टी खोजेको बताएका छन् ।

उनले संविधान निर्माण भएपछि राजनीतिले जनतालाई आशा भन्दा बढि निराशा र उकुस-मुकुस बनाएको बताउँदै अब कार्यक्रम र ऐजेन्डा स्पष्ट भएको पार्टीको आवश्यकता रहेको बताए ।

नेकपा (एकिकृत समाजवादी) रुपन्देहीले शुक्रबार आयोजना गरेको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव भुसालले आफूहरु त्यहि गणतान्त्रिक नेपालको ऐजेन्डा बोक्ने क्रान्तिकारी कम्यूनिष्ट पार्टी बनाउने अभियानमा रहेको बताएका हुन् ।

उनले जनताको आधारभूत समस्या हल गर्दै आत्मनिर्भर कृषि प्रणालीबाट राष्ट्रियपूर्जीको विकास गर्दै रोजगारीको ग्यारेन्टी गर्न योजना र कार्यक्रम सहितको पार्टीको आवश्यकता रहेको बताए ।

'युवा पलायन रोक्न, आर्थिक सामाजिक विकास गर्न, अब जिम्मेवार क्रान्तिकारीहरु एकजुट हुने बेला आएको छ' महासचिव भुसालले भने -'अहिले हामी यहि काममा खटिएका छौं ।'

» बाँकी ३ पेजमा

कृष्णनगर नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

देवदह नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
कृष्ण प्रसाद सापकोटा — प्रमुख प्रशासकीय अधिकृत
विद्यालक्ष्मी गुरुङ्ग — उप-प्रमुख
ध्रुव प्रसाद खरेल — नगर प्रमुख
देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ माघ २६, गते शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

थकित बूढो घाम
गोधुली–क्षितिजतिर जब पस्छ
जिन्दगीको हाँगाबाट
मेरो उमेरको एउटा पात
अँध्यारो नदीमा खस्छ...

– विक्रम सुब्बा
('एकदिन' कविताबाट)

# रेडियो, नेपथ्य र ठिक्कको आधुनिकता



**रामचन्द्र श्रेष्ठ**

तोरी फुलेको बारीको डिलमा पारिलो घाम ताप्दै 'साथीसँग मनका कुरा' सुन्ने समयको कुरा हो यो ।

शनिबार हाम्रो लागि बेग्लै हुन्थ्यो मात्र यसैले होइन कि त्यो दिन स्कुलको बोझिला पिरियडहरू पर्दैनथे । यसकारणले पनि हो कि त्यो हाम्रो रेडियो सुन्ने दिन थियो ।

बिजुली बत्ती नपुगेको गाउँको कुरा गर्दैछु म । भर्खर भर्खर एफ.एम. रेडियो खुल्न थाल्दै गर्दाको समयको कुरा गर्दैछु म । मन त हामीलाई 'रेडियो लुम्बिनी'का कार्यक्रममा पनि थियो तर इलाहाबादको 'ज्ञानवाणी एफ.एम.' प्रष्ट सुनिदाँ 'रेडियो लुम्बिनी'को तरंग बाटो बिराएरमात्र पुग्थ्यो । त्यसमाथि प्रायः कुहिरोले डम्म ढाक्ने गाउँमा एफ.एम.का तरंग बिराना थिए । 'ज्ञानवाणी एफ.एम.'ले भने ज्ञानगुनका कार्यक्रममात्र दिन्थ्यो । रेडियो कक्षाका शृंखला नै हुन्थे । बिहान शास्त्रीय संगीत पढाइन्थ्यो । कहिलेकाहीं हामी विज्ञानका कक्षा सुन्थ्यौ तर रेडियो हाम्रो लागि त्यतिबेला मनोरञ्जन र समाचारको साधन नै बेसी थियो ।

यो त्यहिं कैशोर्यकालिन उमेरको कुरा हो ।

शनिबारको दिन खाना खाएपछि हाम्रो रेडियो श्रवण शुरु हुन्थ्यो । त्यसको लागि हाम्रा मिहिनेतहरू कम्ता हुँदैनथे । शुक्रबार नै हामीले साप्ताहिक नुवाई-धुवाई सक्काइसकेका हुन्थ्यौ । पानी बोक्ने घरेलु काम हामी बिहानै सक्काइदिन्थ्यौं । घाँसपात गर्नुपर्ने हाम्रा छिमेकी साथीहरू पनि हतार-हतार सक्काइसकेका हुन्थे ।

हिउँदको पारिलो घाममा तोरीले पहेलपुर बारीको डिलमा हातमा किताब समातेर कान भने रेडियोमा टासीदिन्थ्यौं हामी ।

दिउँसो १ बजे अँग्रेजी समाचार आउँथ्यो जुन हाम्रो लागि सँधै दिक्कलाग्दो हुन्थ्यो । त्यसपछि बज्थ्यो 'सुन्नुस् सुनाउनुस्' । यसमा प्रस्तोताले सडक-सडकमा विभिन्न यात्रुहरूसँग समसामयिक विषयमा धारणा माग्थिन्, अन्तमा कुन गीत सुन्न चाहने र कसलाई फर्माइस गर्ने भनेर सोध्थिन् । हरेक यात्रुलाई उनले भन्थिन्, "तपाईंका साथीभाई इष्टमित्रलाई त हामी सुनाइहाल्छौं कृपया हाम्रो लागि पनि केही सुनाइदिनुस्..."। अनि बेसुरे तालमा यात्रुहरूले गुन्गुनाउँथे र अनि गीत बज्थ्यो ।

रेडियो नेपालको त्यो ध्वनि तरंग 'सर्ट वेभ'को बाटो समातेर हाम्रा रेडियो सेटमा आइपुग्थ्यो । एफ.एम.तरंग हुस्सुमा पटक-पटक बाटो बिराउने हुँदा सर्ट वेभ नै हाम्रो प्रिय थियो । साढे एक बजे हरेक शनिबार आइपुग्थ्यो 'नाटक' । बाँसुरीको विरही धुनले हाम्रा किशोर हृदयलाई तीव्र वेगमा उथलपुथल पार्थ्यो । त्यसमाथि प्रतिध्वनि, कलाकारका मधुर स्वर, आवाजले नै निर्माण गरिने एउटा काल्पनिक दुनियाँले हामीलाई कल्पनाको संसारमा पुऱ्याउँथ्यो ।

हाम्रो सुचनाको सीमा थियो । हामीले देख्ने सपनामा सीमा थियो । हाम्रा रहरहरूमा सीमा थियो । सीमित हाम्रो दुनियाँलाई रेडियो नेपालको ध्वनिले अलिकति फराकिलो पारिदिन्थे । हामीलाई त्यतिबेला मिडियाको राजनीति थाहा थिएन । हामीलाई राज्यकेन्द्रित सञ्चारमाध्यमले निर्माण गर्ने 'सत्य'बारे थाहा थिएन । हाम्रा कैशोर दिनहरूलाई त्यहीं रेडियो नेपालले नै रोमाञ्चित गरेको थियो ।

हरेक शनिबार साढे तीन बजे बज्ने 'साथीसँग मनका कुरा' साँच्चै हाम्रो प्यारो साथी थियो । '...रमपमपमपरानिधमपिधम..' धुनसँगै साथीहरू आइपुग्थे । साथी तोया र विनिताका ख्यालठट्टा सुन्दा ती हाम्रै साथी लाग्थे । झन् नाटक त औधी प्रिय । हामीजस्तै देशभरका अनेक साथीहरूले आफ्ना अनेक जिज्ञासाहरू पठाउँथे । जीवन उपयोगी सीपमा आधारित उपायहरू सहित ती समस्याका समाधान हुन्थे । कैयौं समस्या हाम्रा पनि हुन्थे । त्यसैले थाहै नपाई हामीले धेरै सिक्थ्यौं ।

**त्यो त्यहिं वैशालु समयको कुरा हो ।**

मेरो स्मृतिको धुमिल आकाशमा त्यो साँझ आइपुग्छ । शायद त्यो 'बुटवल एफ.एम. ९४.४' हुनुपर्छ । झ्याउँकिरी कराउन शुरु गरिसकेको थियो । लालटिनको सीसा खरानीले मोलेर मैले चम्किलो पारिसकेको थिएँ । रेडियोको मधुर आवाजमा एउटा अन्तर्वार्ता आइरहेको थियो । कुनै गायकले भनिरहेको थियो...मेरो धुमिल स्मृतिमा ठ्याक्कै शब्दहरू याद नहुनसक्छन् तर भाव यस्तै थियो ।

"...हामीले गीत सबै फाइनल गऱ्यौं तर पनि के नपुगे नपुगे जस्तो भयो । सबै जना अनेक कोशिस गरिरहेका थियौं, अनेक शब्द र धुन ल्याइरहेका थियौं...एक्कासी एउटा शब्द आइपुग्यो...'रेशम'...हामीलाई त्यो शब्दले उर्जा प्रदान गऱ्यो । हामीले दोहोऱ्याइरह्यौं– रेशम ।"

यो त्यहिं गीतको प्रसंग थियो जुन मैले केही दिनयता सुन्दै थिएँ । 'छेक्यो छेक्यो देउराली डाँडा...' चिच्चाइ चिच्चाइ गाएको पनि कैयौ वर्ष बितिसकेको थियो । गोली सीसाले धेरै चरी मरिसकेका थिए । रेलले धेरैपटक उडाइसकेको थियो । तर पनि 'रेशम' हाम्रा ओठमा अलि फरक धुन थियो । हामी धोद्रो स्वरलाई जोड दिँदै चिच्याउन थालिसकेका थियौं– रेशम...सानोमा सानो कोमलको हाँगो...रेशम.. ।

र, मैले बटौली बजारमा कन्सर्ट गर्न आइपुगेका अमृत गुरुङको अन्तर्वार्ता सुनिरहेको थिएँ जतिबेला 'कन्सर्ट' शब्दबारे मलाई केही पनि थाहा थिएन ।

**यो बटौली शहर ओर्लने साइत हुँदै गर्दाको समयको कुरा हो ।**

लोकगीत र दोहोरीलाई किनारमा राख्दै हामी 'आधुनिक नेपाली गीत'मा लम्किसकेका थियौं । उसो त कक्षा पाँचमा नै भाइले नारायणगोपालको 'यो सम्झिने मन छ म बिर्सु कसोरी..' गाईसकेको थियो । भाइको स्वरमा नारायणगोपाल सुनेपछि नेपाली शिक्षकले प्रिन्सिपल र अरु सरहरू खोज्दै हिंडेका थिएँ । पटक-पटक गाउन लगाएका थिए ।

मावि तहमा आइपुग्दा कक्षामा रामकृष्ण ढकाल उर्फ आकाशले रामकृष्ण ढकालका गीतहरू सुनाइरहन्थ्यो । नामजस्तै उसको स्वर पनि मेल खान्थ्यो । भाइले नारायणगोपाल गाइरहेकै थियो । कक्षामा देवीले नेपाली फिल्मी गीतहरू गाइरहन्थी । थमकला र नारायणले 'नमुछे आमा दहीमा टीका...' गाइरहेकै थिए । उसो त केही हिन्दी गीतहरू पनि गाइन्थे तर ती अल्पमतमै थिए ।

यो त्यो समयको कुरा हो जतिबेला बटौलीको दिन यशोधा पराजुलीको अँधेरी रातसँगै ढल्थ्यो र मन निष्ठुरीको यादमा जल्थ्यो ।

यो त्यो समयको कुरा हो रेडियोको मोहग्रस्त हामी बटौली झरेको पहिलो साँझ 'बुटवल एफ.एम.'को भवन अगाडि पुगेर धिपधिप गरिरहेको टावरको रातो बत्ती हेरेर मख्ख परेका थियौं । र, बुटवल देवीलाल पौडेलको रातो रगतको रापमा पाकिरहेको थियो । त्यो यति कडा राप थियो कालान्तरमा त्यसले राजतन्त्रलाई नै खरानी बनाइदियो ।

त्यस पछि तिनाउमा धेरै पानी बग्यो । अब समय केवल स्मृतिपटको लामो लहरो बन्न पुग्यो ।

म बेलामौकामा त्यहिं लहरो नापिरहन्छु । त्यो मेरो विगत थियो । त्यो परिवर्तित समयको कथा थियो ।

मान्छे विगत चर्चा गर्न रहर गर्छ । यसर्थ कि आगत जहिल्यै अन्जान हुन्छ । अन्जान आगतभन्दा तितो वा मिठो विगत प्रिय बनिदिन्छ । उसो त स्मृतिदंशले डसिरहेको हुन्छ मान्छेलाई । अन्जान आगतप्रति आशा गर्ने ठाउँ नभेटाएपछि विगत स्मृति मान्छेको नियति बनिदिन्छ । अभिसप्त छ मान्छे । निधारमा दोषी घाउ बोकेर हिंडिरहेको अस्वत्थामा बनिरहेछ मान्छे । जोसँग अब केवल विगत छ । ऊ विगत सुम्सुम्याउँछ । मुसार्छ । विगतको काखमा ओल्टोपोल्टो खेल्छ ।

कुनै बेला हामी आगतको व्यापक चर्चा गर्थ्यौं । आगत हाम्रा कविताका विषय हुन्थे । साहित्य संगमका मञ्चहरूमा हामी सपनाको कुरा गर्थ्यौं । 'नयाँ नेपाल'को कुरा गर्थ्यौं । क्याम्पसको चउरमा युवाहरू रातोपिरो हुँदै आगतबारे बहस गरिरहेका हुन्थे । समय यसरी पनि ओरालो लाग्दो रहेछ हामी सपनाको कुरा गर्न छोडिसकेका छौ । त्यतिबेला हामीसँग अनेक सपनाहरू थिए । कैशोर्यको उत्तरार्धमा हामी बटौली बजार झरेको थियौं । बटौली बजारमा हामीले बिजुली पाएको थियौं । अब रेडियोमा ब्याट्री सकिने तनावबाट मुक्त थियौं । बसपार्कमा थुप्रै क्यासेट पसल थिए । तिनमा भने प्रायः लोकदोहोरी बजिरहेका हुन्थे । ट्राफिकचोकका ट्याङ्कीहरूमा पान र क्यासेट दुवै पाइन्थे । त्यहाँ आधुनिक, फिल्मी र हिन्दी गीतहरू बजिरहन्थे । हाम्रो आकर्षण तिनै क्यासेट दोकानले तान्यो । अनि शुरु भयो अनवरत अनेकौं गीतहरूको श्रवण ।

र, अझै पनि हामी बजारमा अस्वीकार्य भएको समयको कुरा हो यो ।

एसएलसी पछि विज्ञान पढ्न सजिलो हुन्छ भनेर ब्रिज कोर्स पढेका थियौं । प्रायः शहर बजारका साथीहरू थिए । उनीहरूको लवज, भेषभुषा, सोच र शैली हामीभन्दा फरक थियो । हामी उनीहरूको आँखामा शायद 'गाउँले' थियौं ।

यो 'गाउँले' शब्दलाई शहरीयाहरू कसरी बुझ्दारहेछन् भन्ने मैले भर्खर-भर्खर थाहा पाउँदै छु । केही हप्ता पहिले शहरका चर्चित युवा व्यवसायीले 'गाउँले'प्रतिको परिभाषा सुनाएका थिए ।

"गाउँ भनेको 'र' हो । गाउँ भनेको प्रकृति हो । प्रकृति त अप्रशोधित हुन्छ । त्यो देख्दा र एकैछिनको लागि सुन्दर हुन्छ तर बाँच्न गाह्रो हुन्छ । गाउँका मान्छे पनि अप्रशोधित हुन्छन् ।" उनको भनाईको अर्थ थियो शहर सभ्य हुन्छ । शहरीया मात्र सभ्य हुन्छन् । अझै नेपाली राजनीतिको लामो विश्लेषण गर्दै उनले मलाई निष्कर्ष सुनाएका थिए– गाउँलेले शासन गर्न थालेपछि यो देश बिग्रिएको हो । शायद यहीं धारणा हामीप्रति ती शहरिया साथीहरूको थियो । त्यसैले उनीहरूसँग मित्रता कायम गर्न निकै गाह्रो भइरहेको थियो । हामी दुई भाई उनीहरूसँग भिज्न अनेक प्रयत्न गर्दैथियौं । भनौ न बजारिया बन्ने मोहमा थियौं । हामीले ट्राफिकचोकका ट्याङ्कीहरूबाट झोलाभरि क्यासेट किन्न थाल्यौ । गाउँमा रेडियोमा कहिलेकाहीं पप गीतहरू सुन्थ्यौं तर दिल त नारायणगोपाल, रामकृष्ण ढकाल, यम बराल, अरुणा लामामै रमाउँथ्यो । अनेकौं गीतहरू सुन्ने यात्रा नै शुरु भयो । त्यो यात्रामा अनेकन संगीतहरू भेटिए । हार्ड रक म्युजिकले मरिगए मन छोएन । जबरजस्ती सुनेर क्यानुं । सुन्न त इंगिलिश सङ्गस् पनि सुनियो तर भ्याङ्ग्याबाइजको 'माइ हर्ट गो सललल...सललल इन द मर्निङ' मात्र ओठमा झुण्डियो । शायद यसको सललल हाम्रै नेपाली जस्तो सुनिएर पो हो कि ।

एकदिन कक्षामा साथीहरू कुनै टिकट बेचिरहेका-किनिरहेका थिए । सोध्न पुग्यौं– के को टिकट हो ?

बेवास्ताको गन्ध सहितको जवाफ आयो– 'कन्सर्टको हो । तिमीहरू पनि जान्छौ र ?' अर्थात्, तिमी 'गाउँले'हरू पनि कन्सर्ट जान्छौ र ।

सत्ते 'कन्सर्ट' भन्ने थाहा नभइसकेको समय थियो त्यो । तर, त्यो समय त 'इज्जत'को थियो । 'गाउँले', 'पाखे'बाट उम्कने समय थियो । त्यसैले अनायास ओठ चिप्लियो त्यो पनि अलिकति शान र दम्भ मिश्रित लवजमा ।

'किन नजाने । जाने हो । कति हो टिकटको प्राइस ?'

धन्यवाद छ 'नम्बर वान कण्डमलाई' । धन्यवाद यसअर्थमा कि त्यसले जम्मा बीस रुपैयाँमा कन्सर्ट लग्दै थियो । 'नम्बर वान कण्डम'को आयोजनामा भएको उक्त कन्सर्टमा छिमेकी दाजुहरू सहित कालिका माविको मैदानमा हामी उफ्रिदैं थियौं निमा रुम्बासँगै ।

'ओ ओ ओ आउँ आउँ न
मसँग गाउन...
हाम्रो यो जीवन अनमोल छ
खेर नफालन न...'

निमा रुम्बा, दिपक बज्राचार्य लगायतका कलाकारहरूको प्रत्यक्ष प्रस्तुतीसँगै हामीले 'कन्सर्ट'को अर्थ बुझिसकेका थियौं । र, हामी पनि 'शहरिया' बन्दै थियौं ।

अब गीतहरूमा विविधता आउन थाल्यो । अब नविन के भट्टराई, सुगम पोखरेल, लगायत सुनिंदै थियो । तमाम पप र रकका बीचबाट प्रिय भने उहीं 'छेक्यो छेक्यो देउराली डाँडा...'वाला नेपथ्य नै भइदियो ।

त्यो द्वन्द्वको समयमा नेपथ्यले शान्तिका गीत गाइरहेको थियो । हाम्रा लागि 'टाढा टाढा उडेका रंगिन चरा...', 'सम्साझैमा काग कराइरह्यो...' जस्ता गीतहरू प्रिय भइरहेका थिए ।

अहिले पनि नेपथ्य उस्तै प्रिय छ । नेपथ्य किन म र मजस्ता मान्छेका लागि प्रिय भयो भन्ने प्रश्नको उत्तर भने मैले समाज विज्ञानका किताबहरू पढ्न थालेपछि बुझ्न थालेको छु ।

पञ्चायतकालको अन्त्य र बहुदलको उदयका शुरुवाती दिनहरूमा एकजना अमेरिकी मानवशास्त्री काठमाडौंका सडकहरूमा मान्छेका रहरहरूको अध्ययन गरिरहेको थियो । अनेकौं मान्छेसँग उनीहरूले खाने खाना, लगाउने लुगा, बोल्ने भाषाशैली, प्रयोग गर्ने शब्दहरू, हेर्ने टिभी च्यानल, गाउने र सुन्ने गीतहरूबारे कुराकानी गरिरहेको थियो । द्वन्द्वका शुरुवाती दिनहरूमा पनि उसले यस्तै गतिविधि सञ्चालन गरिरहेको थियो । पहिलो चरणमा ४ वर्ष र पछिल्लो चरणमा ५ वर्ष काठमाडौं खाल्डोका मान्छेहरूको गहिरो अध्ययन गरेपछि उसले नेपालीहरूको 'आधुनिकता' तर्फको सङ्क्रमणको महत्त्वपूर्ण प्रवृत्तिलाई फेला पारेको थियो । त्यो अमेरिकी मानवशास्त्रीको नाम हो– मार्क लिक्टी । उसको अध्ययनको सार समेटिएको किताब हो– स्विटेब्ली मोर्डन ।

यो किताबमा मार्क लिक्टीले बडो गहन निचोड निकालेका छन् । नेपालीहरूमा कसरी 'आधुनिकता' सङ्क्रमण भयो, उनीहरूले कसरी 'आधुनिकता' आत्मसात गर्दै गए । नेपाली परिवेशमा कसरी 'आधुनिकता' धेरै हदसम्म पश्चिमीकरण हो जस्ता गहन चर्चा छन् । सबैभन्दा महत्त्वपूर्ण निष्कर्ष हो– नेपालीहरूले 'आधुनिकता'लाई आफ्नो अनुकुलतामा मात्र ग्रहण गर्न थाले । उनीहरू पश्चिमा सिको पनि गरें तर सबै गरेनन् । 'कहाँ हामी पश्चिमा जस्तो हो र ?' पश्चिमी नक्कल गर्दा गर्दै पनि नेपालीले एउटा सीमा कायम गरें । त्यसैलाई लिक्टीले एउटा शब्दावली प्रयोग गरें– 'स्विटेब्ली मोर्डन' अर्थात् आफूलाई ठिक्क हुँदासम्मको आधुनिकता ।

हामीलाई किन नेपथ्य मन पर्छ भने यो 'स्विटेब्ली मोर्डन'को अनुपम उदाहरण हो । यसले एकातर्फ हाम्रा लोकभाकालाई समेटेको छ । लोकभाकाले हामीलाई आफ्नोपन, पहिचान र जरासँग जोडेको छ । अर्कोतर्फ यसले जस्ताको तस्तै लोकभाका प्रयोग गरेको छैन ।

लोकलाई रकसँग मिश्रण गरेर आधुनिकताको रंग पनि पोतेको छ । त्यसैले हामी यस्तो ठिमाहा विधामा मस्त छौ जसले हामीलाई 'आधुनिक' पनि बनाइरहेको छ र 'अप्रशोधित गाउँलेपन' पनि जीवित राखेको छ ।

त्यसैले त ड्रमसेटको चर्को आवाजसँगै अहिले हामी पूर्वेली लोकभाका हाकपारे यसरी गाइरहेछौ–

कोशीको पानी यो जिन्दगानी
सललल जाइजाने हौ हजुर
आमाको कोखमा बास मात्रै लिएँ नि
कुन दशेको मरण हौ हजुर
ओ आमा
ओ आमा
माई माई माई

## कविता

### गाउँको सम्झना

**विप्लव प्रतीक**

मन लाग्छ, फेरि एकपल्ट त्यही गाउँमा जाउँ
र, फेरि एकपल्ट त्यही धुन दोहोऱ्याएर सुनुँ
नदी, पवन र रूखले गाएको मधुर युगल गीत
त्यो इन्द्रेणीले रुझेको मादक गाउँमा।

धेरै दिन भएछ नगएको
र निकै टाढा आएछु म
आफ्नै छायाँलाई छिचोलेर
मेरो स्वरुप बदलिएको यो सहरमा।

त्यो नीलो फूल/त्यो अमृतपानी बोकेर झुल्ने धानका बाला
त्यो न्यानो मखमली घाम/प्रथम प्रेयसीको त्यो पहिलो छुवाई
आँखाको डिलमा शीतल स्पर्श गर्ने जूनको किरण,
आहा, सम्झिँदै मनमा आनन्दको रसायन
मात्तिँदै, लाडिँदै झर्ना झैं बग्न थाल्छ शरीरभरि।

फेरि छुन मन लाग्छ
परिश्रमले रसाएको पसिना जस्तै पवित्र शीत,
फेरि देख्न मन लाग्छ
अञ्जान मालीले रोपेको रङ्गीन जङ्गली फूलहरू
त्यो प्रकृतिको हरियो गलैंचामा बसेर
खेल्न मन लाग्छ
काला, सेता अनि छिर्बिरे सानासाना पाठाहरूसँग।
एकपल्ट जाउँ न मन,
त्यही गाउँ र सुनौँ फेरि त्यो धुन।

जाउँ फेरि त्यही गाउँ,
जहाँ नदी गाउँछ, जहाँ धरती नाच्छ
र जहाँ गुञ्जिन्छ
पातहरू बताससँग ठोक्किएर
जीवनको सुन्दर कविता।

### जब मान्छे मान्छे मात्रै हुन्छ

**शारदा शर्मा**

संवेदनाका विन्दुहरूमा
मानवीयताका स्पर्शहरूले
तिमी मान्छेलाई छाम्ने गर कहिलेकाहीं
ऊ कति फरासिलो, मायालाग्दो र सुन्दर हुन्छ,
कति कोमल, सहृदयी र उर्वर हुन्छ!

भावनाका अविरल वहावहरूमा
एकान्तका विचलित उडानहरूमा
सहानुभूतिका आर्द्र तरङ्गहरूले
तिमी मान्छेलाई छने गर कहिलेकाहीं
ऊ कति अकिञ्चन, निरूपाय र असहाय हुन्छ,
कति एकलो, कमजोर र तरल हुन्छ!

प्रेमका शाश्वत मूल्यहरूमा
ममत्वका हार्दिक आग्रहहरूले
आँखाका सङ्ला पोखरीहरूभित्र
तिमी मान्छेको यथार्थ विम्बलाई खोज्ने गर कहिलेकाहीं
ऊ कति भावुक, आत्मीय र न्यानो हुन्छ,
कति महान्, निर्मल र उँचो हुन्छ!

भयङ्कर खाडलहरू बोकेर आफूभित्रै
आफ्नो चिहान खन्दै-पुर्दै
अभाव, रिक्तता र विषादहरू पालेर बाँचेको मान्छे,
कहालीलाग्दा विकट यात्राहरू तय गरेर,
आँधी, तूफान र प्रलयहरू झेलेर
चोटिदै, भत्किदै, बन्दै
यौटै जिन्दगीमा
सयौंचोटि सल्किदै, निभ्दै, बल्दै
सम्भावित युद्धहरूको तयारीमा
आफूलाई यथासम्भव समेटेर
प्रत्येक क्षण सतर्क भएर दौडिरहेको यान्त्रिक मान्छे,
तूफानको सास फेरिरहेको वेफुर्सदी राक्षस मान्छे,
हो, त्यही मान्छे
जब
यावत् आवरण र नकाबहरू उतारेर
यदाकदा व्यग्र बनेर
साँच्चैको मान्छे बनेर
एक्लै आफूलाई खोजिरहेको हुन्छ,
यस्तै नाजुक प्रसङ्गहरूमा
यस्तै अनावृत क्षणहरूमा
तिमी पढ्ने गर, आँक्ने गर मान्छेका सीमा र सामर्थ्यहरू
सत्यका प्राकृत मापदण्डहरूले
नाप्ने गर उसका लम्बाइ, चौडाइ र उँचाइहरू
सम्पूर्ण विवाद, आडम्बर र जटिलताहरूका बावजूद
ऊ कति प्यारो, सरल र निष्कपट हुन्छ,
कति चोखो, निष्पाप र निर्दोष हुन्छ!

# तिलोत्तमा १५ मा बक्तृत्वकला, चित्रकला, बालगीत तथा लोकनृत्य प्रतियोगिता सम्पन्न



तिलोत्तमा । माघ २५ गते । रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा न १५ मा बक्तृत्वकला, चित्रकला, बालगीत तथा लोक नृत्य प्रतियोगिता सम्पन्न भएको छ । तिलोत्तमा वडा न १५ को आयोजनामा वडास्तरीय अन्तर विद्यालय प्रतियोगिता आयोजना गरिएको कार्यक्रम सँयोजक तथा नोबल इन्भायरोमेन्ट विद्यालयका प्रबन्धक सुन्दर गुरुगँले जानकारी दिए ।,

मधवलियामा रहेको गुरुगँ समाज भवनमा शुक्रबार आयोजित वडास्तरीय अन्तर विद्यालय प्रतियोगितामा सामुदायिक र सँस्थागत गरि वडाभित्रका कुल ६ वटा विद्यालयहरुको.सहभागिता रहेको थियो । जसमा कक्षा १ देखि ५ सम्मको बक्तृत्वकलातर्फ पशुपति माविका आकाश घिमिरे प्रथम, सँजिवनी शिक्षा सदनका आहाना आचार्य द्धितिय, नोबल इन्भायरोमेन्टका युनिक अधिकारी तृतीय तथा पर्ल माविका सँफ्ना घिमिरे तृतीय भएकाख छन ।

यसैगरि बक्तृत्वकलातर्फ नै कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरु मध्येबाट नोबल इन्भायरोमेन्टका प्रतिक्षा केसी प्रथम, सँजीवनी शिक्षा सदनका प्रजोलका बस्याल द्धितिय, मधवलिया माविका समिक्षा विक तृतीय तथा सिद्धार्थ ग्यालेक्सीका समिता भटट्राईले तृतीय स्थान हासिल गरे ।

यसैगरि चित्रकला प्रतियोगितामा सँजीवनी शिक्षा सदनका मोहित केसी प्रथम, सिद्धार्थ ग्यालेक्सीका मेघा गुरुगँ द्धितिय, नोबल इन्भायरोमेन्टका भुवन पराजुली तृतीय तथा पर्ल माविका सृष्टि जैसवालले प्रोत्साहान स्थान हासिल गरे ।

समुहगत बालगीत तर्फ नोबल इन्भायरोमेन्ट प्रथम, सँजीवनी शिक्षा सदन द्धितिय, पर्ल मावि तृतीय तथा पशुपति माविले प्रोत्साहन स्थान हासिल गरेका छन । यसैगरि लोकनृत्य तर्फ सँजीवनी शिक्षा सदन प्रथम, नोबल इन्भायरोमेन्ट द्धितिय, पर्ल मावि तृतीय तथा पशुपति माविले सान्त्वना स्थान हासिल गरे ।

यसअघि उद्धघाटन सत्रमा बोल्दै तिलोत्तमा नगरपालिका उपप्रमुख तथा कार्यक्रममा प्रमुख अतिथि जगेश्वर देवी चौधरीले विद्यार्थीहरुको बौद्धिक क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले आयोजित कार्यक्रम अत्यन्तै फलदायी रहेको भन्दै वडाले गरेको सह्रानिय कार्यलाई सबैले आत्मसात गर्नुपर्ने बताए ।

उनले विद्यार्थीहरु भविश्यमा के बन्ने र कसरी अगाडी बढ्ने भन्ने कुरालाई यस्ता कार्यक्रमले गति दिने भन्दै आगामी दिनमा यस्ता कार्यक्रम निरन्तर हुनुपर्ने बताइन ।

कार्यक्रमका बोल्दै तिलोत्तमा वटा न १५ का अध्यक्ष खेमराज गुरुगँले विद्यार्थीहरुलाई निर्धक्क बोल्न र आफ्ना कुराहरु प्रष्ट राख्न यसखाले कार्यक्रम फलदायी हुने भन्दै आगामी बर्ष बजेट बढाएर अफ्र बृहत्तर ढँगले कार्यक्रम गरिने बताए । उनले विद्यार्थीको बौद्धिक विकाशका लागी यस्ता कार्यक्रम अति आवश्यक रहने पनि प्रष्ट पारे ।

विद्यार्थी युनिशा गिरिको सन्चालन रहेको कार्यक्रममा वडा सदस्य क्षितिजा पौडेलको स्वागत मन्तब्य तथा जनप्रतिनिधीहरु घनश्याम थापा, कल्पना बासी, सोहरत प्रसाद चौधरी, वडा सचिव मान बहादुर खाति, टोल विकाश सन्जालका अध्यक्ष बाबुलाल बन्जाडे लगायतको सहभागिता रहेको थियो ।

---

**अबको...**

अगुवा कार्यकर्ताहरु समेत रहेको कार्यक्रममा महासचिव भुसालले संविधानको रक्षाका लागि विद्रोहबाट जन्मिएको नेकपा एकिकृत समाजवादीलाई अब संघर्ष र आन्दोलनबाट स्थापित गर्नुपर्ने निर्ष्कषमा पुगेको बताए । उनले अबको एक वर्षभित्र नेकपा एकिकृत समाजवादी मुलुकमा आशा जगाउने पार्टी बन्ने दावी गरे ।

उनले आफूहरुले आगामि एक वर्षभित्र गणतान्त्रिक नेपालको स्पष्ट ऐजेन्डा र कार्यक्रमबाट पुष्टि गर्ने बताए ।

उनले महाधिवेशनबाट संघर्ष र आन्दोलनबाट पार्टी गठन गर्ने कार्यदिशा पारित गरेकाले आफूहरुसँग मात्रै स्पष्ट ऐजेन्डा रहेको बताए । उनले अब छिट्टै केन्द्रीय कमिटिको बैठकलगतै राजनीतिमा देखिएको सन्नाटालाई चिर्ने गरी जनताको विचमा जाने बताए ।

उक्त अवसरमा महासचिव भुसालले नेकपा माओवादी केन्द्र जिल्ला कमिटि सदस्य रामप्रसाद अर्याल, नेकपा एमाले निकटको मजदुर संगठनमा क्रियाशिल नेता राजु थापा, वाइसिएल नेता आशिष विक, मेघराज भट्टराईलाई अविर खादा ओढाएर पार्टी प्रवेश गराए ।

कार्यक्रममा नेकपा एकिकृत समाजवादीका पोलिटब्यूरो सदस्य नन्दलाल बन्जाडे, प्रदेश सदस्यहरु हिराध्वज शाह, राजेन्द्र प्रसाद पाण्डे, कमल भण्डारी, जिल्ला उपाध्यक्ष चिनबहादुर गुरुङ लगायतको उपस्थिती रहेको थियो ।

---

## कालिका मानवज्ञान माध्यमिक विद्यालय
बुटवल–१०, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## आशय पत्र/निवेदन पेश गर्ने सम्बन्धमा

प्रकाशित मितिः २०८१।१०। २६

कालिका मानवज्ञान मा.वि. बुटवल-१०, रुपन्देहीको वि.व्य.स. को निर्णय अनुसार विद्यालयमा अध्ययनरत साना बालबालिकाहरुको आवतजावतका लागि स्कुल भ्यान खरिद गर्ने निर्णय भएकोले स्कुल भ्यान (EV) उपलब्ध गराउन सक्ने इच्छुक कम्पनी/आपूर्तिकर्ताले विस्तृत विवरण सहित यो सूचना प्रकाशन भएको मितिबाट १५ दिनभित्र विद्यालयमा आशय पत्र/निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**प्रधानाध्यापक**

---

रूपन्देही सुपरलिगः

# लुम्बिनी खुकरी क्लब फाइनलमा

भैरहवा । रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा लुम्बिनी खुकुरी क्लब फाइनल प्रवेश गरेको छ । शुक्रबार भएको सेमिफाइनल खेलमा तिरुपति क्रिकेट क्लबलाई ३० रनले पराजित गर्दै खुकुरीले फाइनल यात्रा तय गरेको हो । अब, उसले माघ २७ गते हुने तिलोत्तमा क्रिकेट क्लब र वेष्टर्न क्रिकेट क्लबबीचको दोस्रो सेमिफाइनलको विजेता टिमसँग माघ २९ गते उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको खुकुरीले निर्धारित ५० ओभरमा ९ विकेटको नोक्सानीमा २ सय ३४ रनको बलियो योगफल खडा गर्यो । उसका लागि अमर मिश्रा र समिर अलीले अर्धशतकीय पारी खेले । अमरले ७१ र समिरले ५४ रनको योगदान गर्दा प्रज्ज्वल थापाले २२, अन्तिम थापाले २१, अजयकुमार चौहानले अविजित १८ र दुर्गेश गुप्ताले १२ रन जोडे । बलिङमा तिरुपतिका तुलबहादुर थापा र विपिन न्यौपानेले ३-३ तथा रुपेश कुर्मीले २ र सन्दीप मौर्यले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको तिरुपति ४७ ओभर १ बलमा २ सय ४ रन बनाउँदा अलआउट भयो र उपाधि होडबाट बाहिरियो । उसका लागि एजाजुल हकले ४६, तुलबहादुर थापाले ४१, अर्निको यादवले २५, डेभिड थापाले २०, रुपेश कुर्मीले १७ र कमल विकले १० रन बनाए पनि जितका लागि पर्याप्त भएन । बलिङमा लुम्बिनी खुकुरीका सेजाद आलम, अमर मिश्रा र अजयकुमार चौहानले २-२ तथा दुर्गेश गुप्ता र सुप्रित घिमिरेले १-१ विकेट लिए । खेलमा अमर मिश्रा प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सहप्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले बताए ।

---

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दुम्कीवास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०७/२७**

**दोस्रो पटक प्रकाशित मिति २०८१/०९/१७**

**तेस्रो पटक प्रकाशित मिति २०८१/१०/२६**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस विनयी त्रिबेणी गाउँपालिका आर्थिक ऐन, २०७४ को व्यवस्था तथा गाउँकार्यपालिकाको मिति २०८१/०६/२१ गतेको निर्णय तथा जिल्ला विपद् समितिको निर्णयानुसार खोला खण्डको बगर क्षेत्रको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) हटाई संकलन भएको र उक्त संकलन भएको नदीजन्य पदार्थ तपशिल बमोजिम डम्पिंग भएको विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

| आय ठेक्का नम्बर | संकलन भएको स्थान | खोला खण्ड | परिमाण (घ.मि.) | न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मु.अ कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 06/NCB/Rev/BT/2081-082 | पुल माथि, मफुवा र मसान मफुवा | मसानमजुवा देखि खुम्वारीसम्म | ५२३६.४१ | १६६४५५०.०० | ४९९३०.०० | ३०००.०० | |

**शर्तहरु :**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा **सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा** रहेको यस कार्यालय को **आन्तरिक राजश्व खाता नं. ००८१५४१३०७८ मा** नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना तेस्रो पटक प्रकाशन भएको मितिले **२०८१/११/०४ गते १२:०० बजे सम्म** कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले कार्यालय बाट सम्बन्धि कागजातहरु खरिद गरी पेश गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्र जमानत रकम कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवास मा रहेको **धरौटी खाता नं. ००८१५१५३३२६** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई तेस्रो पटक सूचना प्रकाशित भएको **मितिले २०८१/११/०४ गतेका दिन दिनको १२:०० बजे भित्र** कार्यालयमा बोलपत्रप्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/११/०४ गते १:०० बजे पछि विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित **मितिले २०८१/१०/२८ गतेका दिन दिनको १:०० बजे** विनयी त्रिबेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको **तेस्रो किस्ता बापत ५० प्रतिशत**ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। **तेस्रो किस्ता बापत ५० प्रतिशत**ले हुने रकम नेपाल राष्ट बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल भाद्र मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। **तेस्रो किस्ता बापत ५० प्रतिशत**ले हुने रकम जेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको बोलपत्र जमानत रकम जफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) हटाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्फनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# बुटवल पब्लिक स्कूलको स्पोर्टस् मिट समापन




बुटवल । रूपन्देहीको तिलोत्तमास्थित बुटवल पब्लिक स्कूलको वार्षिक स्पोर्टस् मिट (खेलकुद प्रतियोगिता ) शुक्रबार सम्पन्न भएको छ । विद्यार्थीको अन्तरनिहीत खेल प्रतिभा प्रस्फूटन गर्ने उद्देश्यसहित तिलोत्तमा-११ स्थित आफ्नै खेल मैदानमा तीन दिनसम्म प्रतियोगिता चलेको थियो । प्रतियोगितामा १०० मिटर दौड, ४०० मिटर दौड, रिले रेस, फुटबल, क्रिकेट, कबड्डी, खो-खो  लगायत ४० इभेन्टका खेल खेलाइएको थियो ।

शुक्रबार समापन समारोहमा  राष्ट्रिय परीक्षा बोर्ड प्रदेश कार्यालय बुटवलका प्रमुख  रोमकान्त तिवारीले प्रविधिमैत्री पठन-पाठन र खेलको क्षेत्रमा बुटवल पब्लिक स्कुल उदाहरण बनेको बताए ।

उनले स्कुलले सञ्चालन गरेको प्रगतिशील शिक्षण पद्धति लुम्बिनी प्रदेशमै उत्कृष्ट रहेको बताए । विद्यालयले करोडौं लगानीमा आफ्नै खेल मैदान निर्माण गरी खेलाडी उत्पादनको वातावरण बनाएकोमा पनि उनले सराहना गरे ।

कार्यक्रममा विद्यालयका संस्थापक अध्यक्ष हेमलाल शर्मा  भुसालले विषयगत शिक्षासँगै खेलकूदका गतिविधिमा विद्यालयले सधै विद्यार्थीलाई प्रोत्साहन गर्दै आइरहेको बताए ।

स्पोर्टस् मिटमा  १८ स्वर्ण, ९ रजत, ५ कास्यपदक र ८७ अंक सहित रातो सदन प्रथम र ११ स्वर्ण, ८ रजत, ७ कास्यपदक र ७१ अंक सहित पहेलो सदन दोस्रो भएका र बिजेता खेलाडीलाई सर्टिफिकेट, मेडल र ट्रफी वितरण गरिएको विद्यालयका सहप्राचार्य राम चन्द्र पौडेलले बताए । सो अवरमा तिलोत्तमा नगरपालिका वडा नम्बर ११ का वडा अध्यक्ष विष्णु बरालले  विद्यालय आफ्नो वडामा खेलकूदको ठूलो पूर्वाधार थपेको भन्दै खुसी व्यक्त गरे । कार्यक्रमको सञ्चालन गरेका थिए ।

विद्यालयले करिब १५ करोड लगानीमा सुविधासम्पन्न क्रिकेट तथा फुटबल मैदान , स्वीमिङ पूल र कृषिका लागि हाइटेक टनेल निर्माण गरेको छ ।

# बाह्रौं दीप गायन तारामा २० जना छानिए



बुटवल । विद्यार्थीहरुमा अन्तर्निहित गायनप्रतिभालाई उजागर गर्ने उद्देश्यले बुटवलस्थित दीप बोर्डिङ हाई स्कुलले आयोजना गरेको १२औं जिल्लास्तरीय दीप गायन ताराको अडिसनबाट २० जना छनोट भएका छन् ।

प्रतियोगिताको १२ औँ संस्करणअन्तर्गत शुक्रबार आयोजित छनोट चरणमा  रुपदेहीका जिल्लाका मावि तहसम्मका ३१ विद्यालयका प्रतियोगीले गायन कला प्रस्तुत गरेका थिए ।

जसबाट २० जना विद्यार्थी प्रतियोगी दोस्रो तथा निर्णायक चरणका निम्ति छनोट भएका छन् । जसमा कालिका मानव ज्ञान माविका स्मृति श्रेष्ठ, नमुना एभरग्रिनका नुरङ्ग सारू, रुद्रपुर सेकेन्डरीका सपना पुन, कान्ति माविका  क्रिस्टिना खनाल, प्यारामाउन्ट बोर्डिङ्का आरभ पौडेल, अन्नपूर्ण मा विका  रितिका राई, पशुपति माविका गौरव गुरुङ, इटलेक्चुवलका नेहारिका ढुङ्गाना, समिट इङ्लिस स्कुलका विशिका परियार, गीर्वाण माविका दीपक तिवारी, ग्रिनप्लान्ट बोर्डिङ्का विशेष भूर्तेल, न्यू होराइजनका  काव्य प्रधान, एभरेस्ट इङ्लिस बोर्डिङ्का सुवास गुरुङ, बुद्ध दीपका  शान्ति गुरुङ, गार्गी  एकेडेमीका अभिमन्यु सुनार, सन मोडेल इङ्लिसका दीक्षा पुन, देवदह बुद्ध पब्लिकका प्रिन्स कंडेल, सिद्धार्थ मेमोरियलका मिल्सा परियार, तिनाउ इङ्लिसका  ऐश्वर्या कार्की र न्यु इन्भाइन्मेन्टका असिम राना छनोट भएका छन् ।

निर्णायक चरणको फाइनल प्रतियोगिता फागुन ५ गते सोमबार विद्यालयमै आयोजना गरिने विद्यालयका शिक्षक छवि ज्ञवालीले जानकारी दिए । प्रतियागिताको विजेतालाई ३० हजार,  दोस्रो हुनेलाई २० हजार, तेस्रो हुनेलाई १० हजार तथा प्रोत्साहनस्वरूप २ जनालाई दुई/दुई हजारका साथ शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कारका रूपमा प्रदान गरिने कार्यक्रम संयोजक श्याम बस्यालले बताए ।

दीप बोर्डिङ्ले १४ वर्षअघि देखि वार्षिक रूपमा दीप गायन तारा प्रतियोगिता आयोजना गर्दै आएको छ । प्रतियोगितामासङ्गीतकार नारायणबहादुर थापा र गायक तेजु अर्याल निर्णायक थिए । प्रतियोगिताको उद्घाटनमा बोल्दै नेपाल अभिभावक संघका लुम्बिनी प्रदेश अध्यक्ष हेम थापाले विद्यालयका अतिरिक्त क्रियाकलापलाई अनिवार्य विषयवस्तु मान्नुपर्नेमा जोड दिए ।

विद्यालयका प्राचार्य टीकाराम न्यौपानेले देशको भाषा, कला र सङ्गीतका क्षेत्रमा योगदान पुगोस् र उदाउँदा गायन प्रतिभालाई उजागर गर्न दीप गायन तारालाई निरन्तरता दिइएको बताए ।

कार्यक्रममा प्याब्सन बुटवल अध्यक्ष मित्रहरि आचार्य,  बुटवल उपमहानगरपालिका वडा नं. ८ का अध्यक्ष यज्ञप्रसाद पंगेनी, विद्यालयका उपप्राचार्यद्वय ज्ञानु थापा र कलाधर अर्याल, विद्यालय व्यवस्थापन समिति सदस्यद्वय वसन्तकुमार जोशी र रेखा श्रेष्ठ लगायतले विद्यालय तहमा हुने यस्ता प्रतियोगिताले भविष्यमा राम्रा कलाकार उत्पादन गर्ने बताए ।

**Madhyabindu Municipality**

## Madhyabindu Municipal Hospital

**Madhyabindu-7, Nawalparasi East**

**Gandaki Province, Nepal**

# Invitation for Electronic Bids

**Procurement of Laboratory Chemicals and X-Ray Films**

**IFB No: MMH/G/NCB/4/2081/82**

**Date of Publication: 7th Feb, 2025 (25 Magh, 2081)**

1. The Madhyabindu Municipality, Madhyabindu Municipal Hospital invites electronic bids from eligible bidders for the **Procurement of Laboratory Chemicals and X-Ray Films** procedures as specified in Public Procurement Act and Regulations**.**

| S.N. | IFB No. (Package Name) | Bid Security (Amount in NPR.) | Bid Document Fee (NPR.) | Bid Security Validity Date |
|---|---|---|---|---|
| 1 | MMH/G/NCB/4.1/2081/82 (Procurement of Laboratory Chemicals) | 1,10,000.00 | 3,000 | 7th July, 2025 (23 Asar, 2082) |
| 2 | MMH/G/NCB/4.2/2081/82 (Procurement of X-Ray Films) | 10,000.00 | 3,000 | |

2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Madhyabindu Municipal Hospital.
3. Bidder shall Purchase their bid electronically from www.bolpatra.gov.np/egp, Bidders should deposit the cost of bidding document as mentioned on above table for the following Rajaswa (Revenue) Account as specified below.

   Name of the Bank: **Rastriya Banijya Bank, Kawasoti**
   Name of the Office: **Madhyabindu Municipal Hospital**
   Office Code No.: **4080707**
   Revenue Head No.: **14229**
4. Electronic bids must be submitted to the Madhyabindu Municipal Hospital through PPMO's e-GP II system *www.bolpatra.gov.np/egp* on or before **15:00 hour** (local time) on, **10th Mar, 2025 (26 Falgun, 2081).**
5. Bid shall be opened in the presence of Bidders' representatives who choose to attend at **15:30** hours on **10th Mar, 2025 (26 Falgun, 2081)** at the office of **Madhyabindu Municipal Hospital, Nepal**. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security amount mention in above table which shall be valid for **30** days beyond the validity period of the bid.
6. **Bid shall be evaluated on item-wise basis and bidders should must submit Manufacturer's Authorization Letter of the quoted items in the package.**
7. The purchase reserves the right to accept or reject, wholly or partly anyor all the bids without assigning reason, whatsoever.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the day shall be considered as the last date the same as specified for the original last date of bid purchasing/submission.
9. The goods mentioned in the bid will be purchased repeatedly. The amount of goods to be purchased may decrease or increase further according to the needs of the hospital as per ITB 39.1.


आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com